# चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका


नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं

बागमती प्रदेश, नेपाल

फोन नं. ०१-४३१५७६६


प.सं. : ०८०।०८१

च.नं. : ६५(शिक्षा)

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलम्बु, काठमाडौं बागमती प्रदेश, नेपाल

मिति : २०८०।०५।०६

विषय : स्वास्थ्य सतर्कता सम्बन्धमा ।

श्री सबै विद्यालयहरु

चन्द्रागिरि नगरपालिका ।

प्रस्तुत विषयमा विगत वर्षहरुमा जस्तै यस वर्ष पनि मनसुनको समयमा र मनसुन सकिएपछि पानीजन्य र भाइरलका कारण आँखा पाक्ने रोग (Conjunctivitis) विगत केही सातादेखि चन्द्रागिरि नगरपालिकामा समेत फैलिरहेको छ । आँखा पाक्ने रोग छिटै फैलिने र विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुको स्वास्थ्यलाई असर पर्ने भएकोले सो रोगको लक्षणहरु,रोकथामका उपायहरु र सुरक्षाका लागि चाल्नुपर्ने उपयुक्त कदमहरु बारे सम्बन्धित वडा अन्तर्गतको स्वास्थ्य चौकीसँग समन्वय गरी सचेतना कार्यक्रम सञ्चालन गर्नु गराउनुका साथै विद्यालय भित्र प्रकोप व्यापक भएमा वडा स्वास्थ्य चौकीको सहमति तथा विद्यालय व्यवस्थापन समितिबाट निर्णय समेत गरी नियमानुसार विद्यालयले पाउने हिउँदे वा वर्षे विदाबाट कट्टा हुनेगरी बढीमा ५ दिन सम्म विद्यालय विदा गर्नु गराउनु हुन अनुरोध छ ।

कर्ण बहादुर भुवाजी

अधिकृत दशौं


Website : chandragirimun.gov.np

Email : chandragirimun@gmail.com

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
## (योजना तथा अनुगमन शाखा)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

सानोठिमी, भक्तपुर
फोन नं. ०१-६६३५१३४

प.सं.: ०८०/८१
च.नं. ५०

मिति २०८०।०५।०५

विषय: स्वास्थ्य सतर्कता सम्बन्धमा ।

श्री शिक्षा सम्बध्द मन्त्रालय, ७ वटै प्रदेश
श्री स्थानिय तह, ७५३ वटै
श्री शिक्षा विकास तथा समन्वय इकाई, ७७ वटै

नेपालमा विगत बर्षहरुमा जस्तै यस बर्ष पनि मनसुनको समयमा र मनसुन सकिएपछि पानीजन्य र भाइरल रोगको प्रकोप व्याप्त देखिएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (EDCD) बाट श्रावण ३२, २०८० मा प्राप्त जानकारी अनुसार देशभर ७५ जिल्लामा डेंगी (Dengue) फैलिएको र १५ हजारभन्दा बढी मानिसहरू संक्रमित भएका छन् । त्यसैगरी आखाँ पाक्ने (Conjunctivitis) रोग देशभरका जिल्लामा तीव्र गतिमा फैलिरहेको छ । विगत केही सातादेखि सातवटै प्रदेशमा आखाँ पाक्ने (Conjunctivitis) रोगका बिरामी बढेका छन् भने विद्यालय बन्द हुँदा बालबालिकाको पढाइ अवरुद्ध भएको छ । यसै सन्दर्भमा डेंगी र आखाँ पाक्ने (Conjunctivitis) जस्ता रोग छिटै फैलिने र विद्यार्थी तथा कर्मचारीहरू को स्वास्थ्यलाई असर पर्ने भएकोले शिक्षक, विद्यार्थी तथा कर्मचारीहरूलाई प्रकोपको अवस्थामा सो रोगको लक्षणहरू, रोकथामका उपायहरू र सुरक्षाका लागि चाल्नुपर्ने उपयुक्त कदमहरू बारे सचेतना जगाउनको लागि सही र सान्दर्भिक जानकारीहरू प्रदान गर्नुपर्ने आवश्यकता देखिएको छ । शिक्षक, विद्यार्थी तथा कर्मचारीहरूको स्वास्थ्य सुनिश्चित गर्दै पठनपाठनमा निरन्तरताको लागि डेंगी (Dengue) र आखाँ पाक्ने (Conjunctivitis) सम्बन्धी सूचना राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र (NHIECC) द्वारा विकसित IEC material (शिक्षा, र सञ्चार सामग्री) देहायबमोजिमको सामग्री प्रसारण गरी विद्यालयको शिक्षण सिकाई क्रियाकलापलाई सुरक्षित रूपमा निरन्तरता दिनुहुन निर्णयानुसार अनुरोध छ ।

- डेंगी सम्बन्धि IEC material: https://tinyurl.com/DengueIEC123
- आँखा पाक्ने (conjunctivitis) सम्बन्धि IEC material: https://tinyurl.com/EyediseaseIEC

बोधार्थ एवम् कार्यार्थः
श्री शिक्षा समूहका सदस्य सँस्थाहरू
श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै

२०८०।५।५
प्रकाश कुमार खरेल
शाखा अधिकृत

Scanned with OKEN Scanner